सिदिङ्वा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
साब्लाखु, ताप्लेजुङ
१ नं. प्रदेश नेपाल

अध्यक्ष -९८०७९२८५५५
उपाध्यक्ष -९८५२६८११७१
प्र. प्र. अ.-९८५२६६०१५३

सूचना नं. ६१-२०७७/०७८

मितिः २०७८/०३/२६

आदरणीय सिदिङ्वा बासि आमाबुवा, दाजुभाइ तथा दिदिबहिनीहरु

**बिषयः कोरोना प्रकोप रोकथाम तथा नियन्त्रण बारे।**

प्रस्तुत बिषयमा बिश्वब्यापीरुपमा फैलिएको कोरोना भाइरसको नयाँ भेरियन्ट सहितको दोश्रो लहरको प्रकोपबाट यस गाउँपालिका वडा नं. ४, साब्लाखु क्षेत्रमा पछिल्लो दिनमा दिन प्रतिदिन संक्रमणको दर बढ्दै गइरहेकोले यस गाउँपालिका, गाउँ कार्यपालिकाको बैठक संख्याः ८८-१६-२०७७/०७८, मिति २०७८/०३/२५ गतेको बैठकबाट साब्लाखु वडालाई एक हप्ताको लागि सिल गर्ने निर्णय भएको हुँदा भबिष्यमा हुन सक्ने भयाबह परिस्थितिलाई मध्य नजर गर्दै देहाय बमोजिमको गर्नु गराउनुहुन संबन्धित सबैको जानकारीको लागी यो सूचना प्रकाशित गरिएको छ।

देहायः

१. साविकको गा.वि.स. को अन्तर वडा हिंडडुल बन्द गर्ने।
२. अनावश्यक रुपमा बिना कारण जथाभावी हिंडडुल नगर्ने, नगराउने।
३. एउटा वडा देखि अर्को वडामा मेलापात, पाहुना, भोज भतेरमा सहभागी नहुने।
४. साब्लाखुलाई रेड जोनको रुपमा पहिचान गरी साब्लाखु भित्र अन्य व्यक्तिहरु प्रवेश बन्द गर्ने र साब्लाखुका नागरिकहरु अन्यत्र जान नपाउने। (बिरामी भएको अवस्थामा बाहेक, स्वास्थ्यकर्मीको परामर्श गरी)
५. संक्रमित व्यक्तिहरु तथा सम्पर्कमा आएका ब्यक्तिहरु अनिवार्य होम आइसोलेसनमा बस्नु पर्ने, सो बसे / नबसेको वडा निगरानी समुहले निगरानी गर्ने।
६. विवाह, व्रतबन्ध, देवाली, पास्नी, जन्मोत्सव जस्ता सामाजिक, सांस्कृतिक क्रियाकलाप नगर्ने।

**माथि उल्लेखित निर्देशनहरु पालना नगरेको पाइएमा कानुन बमोजम कारवाहीको प्रकृया अगाडि बढाइने छ।**

नर बहादुर कडरीया
अध्यक्ष